गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

फोन नं: ०७८-४०१०८३
इमेल: honawalpur@gmail.com

प.स.: २०८२/८३
च. नं.:

मिति २०८२/११/२५

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धि सूचना।
( प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/२३ )

यस कार्यालयको आ.व.२०८२/०८३ को स्विकृत बजेट तथा कार्यक्रम बमोजिम यस जिल्लाको विनयी त्रिवेणी गाउँपालिका वडा नं ७ स्थित त्रिवेणी नाकामा हेल्थ डेस्क संचालनार्थ विनियोजित बजेटबाट गण्डकी प्रदेशको "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९ बमोजिम चालु आ.व.२०८२/०८३ को असार मसान्तसम्मको लागि देहायका पदमा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकाले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले (०७) दिन भित्र कार्यालय समयमा रित पूर्वक दरखास्त फाराम पेश गर्नु हुन सबैको जानकारीका लागि यो सूचना पुनः प्रकाशित गरिएको छ।

तपशिल :

| क्र.सं | बिज्ञापन नं | पद | तह | माग संख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १ | ०२-२०८२/०८३ | स्टाफ नर्स | स.पाँचौ | १ (एक) जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र नेपाल नर्सिङ परिषदमा दर्ता भएको हुनु पर्ने। |

नोट :

१) दरखास्त फाराम : यस कार्यालयको वेवसाईट https://honawalpur.gandaki.gov.np मा उपलब्ध फाराम डाउनलोड गरि भरेर दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित यस कार्यालयको प्रशासन शाखामा कार्यालय समयमा दर्ता गराउन सकिनेछ।

२) दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु :
तोकिएको राजश्व तिरेको सक्कल बैंक भौचर, उम्मेदवारको अधावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, २ प्रति पासपोर्ट साईजको फोटो, एस.एल.सी /एस.ई.ई.र सो भन्दा माथिका शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु,म्याद कायम रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव र तालिम सम्बन्धि प्रमाण पत्र थान एक/एक स्वयम्ले प्रमाणित गरि पेश गर्नुपर्नेछ। साथै रीत नपुगेका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्तहरु माथि कुनै कारवाही हुने छैन।

३) काम गर्नुपर्ने स्थान : विनयी त्रिवेणी गाउँपालिका वडा नं ७ स्थित त्रिवेणी नाका हेल्थ डेस्क।

४) दरखास्त दस्तुर : स्टाफ नर्सको रु ७००/-
  क) कार्यालयको नाम : प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (ब.सु.पूर्व )
  ख) कार्यालयको कोड : ३७००१४६०२४
  ग) राजश्व शिर्षक नं. : १४२२४ (अन्य प्रशासनिक सेवा शुल्क )

५) दरखास्त दिने अन्तिम मिति :२०८२/१२/०२ गते सोमवार कार्यालय समय भित्र। उक्त दिन सार्बजनिक बिदा परेमा सोको भोलीपल्ट सम्म हुनेछ।

६) परीक्षााको किसिम : अन्तर्वार्ता।

७) पारिश्रमिक तथा सेवा सुविधा : नियमानुसार / करार सम्झौता बमोजिम।

८) अवधि : चालू आ.व.२०८२/०८३ को असार मसान्त सम्म।

९) उम्मेदवार हुनका लागि योग्यता :
  क) नेपाली नागरिक हुनुपर्नेछ।
  ख) उमेरको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।
  ग) भष्ट्चार तथा फौजदारी अभियोग सम्बन्धि मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ।
  घ) भविष्यमा सरकारी सेवाबाट अयोग्य ठहरिने गरि बर्खास्त नभएको हुनुपर्नेछ।

१०) परिक्षा सम्बन्धि अन्य जानकारी : परिक्षाको मिति २०८२/१२/०२ गते बेलुका कार्यालय समय पश्चात प्रकाशन गरिनेछ।

११) अन्य जानकारीको लागि यस कार्यालयको वेवसाइट मा हेर्नुहुन अनुरोध छ।

प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (ब.सु.पूर्व)